नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

**SitRep**
**#३८**
**१४ साउन २०७७**

| **२०७७ बैशाख १ देखि साउन १३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **पहिरो** | | | **बाढी** | | | **चट्याङ्ग** | | |
| **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** |
| १४० | ४५ | १२६ | ६ | १३ | ३ | ४७ | ० | १६१ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन १३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | |
| **पहिरो** | | | **बाढी** | | | **चट्याङ्ग** | | |
| **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** |
| १३८ | ४५ | १२५ | ३ | १२ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

१३ साउन विहान १०:०० बजेदेखि १४ साउन बिहान १०:०० बजेसम्म

**नेपालमा** विभिन्न जिल्लामा गरेर १९ स्थानमा **पहिरो,** ५ स्थानमा **बाढी,** ४ स्थानमा **अबिरल वर्षा,** ३ स्थानमा **आगलागी,** १ स्थानमा **सर्पदंश,** १ स्थानमा **चट्याङ्ग,** १ स्थानमा **जंगली चितुवाको आक्रमण,** १ स्थानमा **ढुङ्गा खस्ने** घटना घटेका छन् । यी घटनामा परेर ३ जनाको **मृत्यु,** ७ जना **बेपत्ता,** ६ जना **घाईते** भएका छन् । **बाढी पहिरो**का कारण ५ स्थानमा **बाटो अवरुद्ध** भएको छ ।

| **मृत्यु संख्या** | **हराएको** | **घटना संख्या** | **घाइते** | **अनुमानित क्षति रु** | **सडक अवरोध** | **चौपाया क्षति** |
|---|---|---|---|---|---|---|
| ३ | ७ | ३५ | ६ | ६२,४०,३५० | ५ | १५ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का २६ वटा घट्नाहरु भएका छन् ।
- **कालिकोट**को रास्कोट नगरपालिका वडा नं १ टप्के बगरस्थित एक घरमा माथिबाट **पहिरो** आई घर पुरिन गई २ जना **घाईते,** १ जना **बेपत्ता** । रास्कोट नगरपालिका वडा नं १ स्थित एक घर खहरे **खोलाले** बगाउँदा घरमा रहेका ६ जना पुरिई **बेपत्ता** ।
- **दाङ**को तुलसीपुर उपमहानगरपालिका वडा नं २ खैरीपुरमा एक व्यक्तिलाई बाटोमा हिड्ने क्रममा **बिषालु सर्पले खुट्टामा टोकी घाईते** । बंगलाचुली गाउँपालिका वडा नं ५ साकिनेस्थित एक घरमा बर्षाको कारण **पहिरो** आई कच्ची घरको आधाभाग पहिरोले पुरिन जाँदा घर भित्र सुतिरहेका २ **जना**को पुरिएर **मृत्यु** ।
- **दोलखा**को विगु गाउँपालिका वडा नं ४ सिंगटीस्थित आफ्नै घरभित्र काम गरिरहेको अवस्थामा घर देखि माथिबाट अचानक **ढुङगा खसि** घरको गारो भत्किई गारोले च्यापिदा एक जना घाईते भई उपचारको लागि प्राथमिक स्वास्थ्य केन्द्र चरिकोट लैजादै गर्दा बाटोमा नै **मृत्यु** ।
- **भोजपुरको** षडानन्द नगरपालिका वडा नं २ कुदामस्थित एक टहरो पसल माथिबाट बाढीसंगै आएको पहिरोले बगाउँदा **३ जना घाइते** ।

## घट्ना सारांश...

- **धनकुटा**को धनकुटा नगरपालिका वडा नं ६ कचडेस्थित एक घरमा माथिबाट **पहिरो** झरी घरको वाल चर्किई हिलो र धमिलो पानी समेत घरभित्र पसि क्षति । जिल्ला प्रहरी कार्यालयको ग्यारेजको पर्खाल भत्किएर ५ वटा मोटरसाईकल पुरिएको । सुर्योदय नगरपालिका वडा नं ४ ठुलो श्रीबुडस्थित एक घरमा मैनबत्ती बाली सुतेकोमा मैनबत्तीबाट आगो सल्कन गई घर र भान्सा घरमा **आगलागी** हुँदा **१२ लाख** रुपैंया बराबरको क्षति । धनकुटा नगरपालिका वडा नं ७ जिरोप्वान्टस्थित एक घरको भान्सा कोठा र पेटीमा **पहिरो**का कारण माटो थुप्रीएको र अर्को घरको शौचालय भत्किएको ।
- **उदयपुर**को चौदण्डीगढी नगरपालिका वडा नं ४ स्थित शनिबारे बजारमा काली खोलामा अबिरल बर्षासँगै आएको **बाढी**को पानी पस्दा २ वटा घरमा गरी **३ लाख ५२ हजार** रुपैंया क्षति । वडा नं ४ स्थित लामा खोलामा अबिरल बर्षासंगै आएको **बाढी**ले निर्माणाधिन फलामे पुल बगाई **४ लाख** रुपैंया बराबरको क्षति।
- **ताप्लेजुङ**को मिक्वाखोला गाउँपालिका वडा नं २ खुर्पादिनस्थित एक घरको भान्साकोठामा ग्याँस सिलिण्डर लिक भई **आगलागी** हुदाँ **२० लाख ३ हजार ३ सय ५०** रुपैंया बराबरको क्षति ।
- **रामेछाप**को मन्थली नगरपालिका वडा नं १२ सिग्नालस्थित एक कच्ची घरमा अचानक **आगलागी** हुँदा घर र गोठ पुर्णरुपमा जलि गोठमा रहेको ५ वटा बाख्राको मृत्यु ।
- **बाग्लुङ**को निसिखोला गाउँपालिका वडा नं ७ पिराल्नेस्थित एक घर माथिबाट **पहिरो** आई गोठ पुरिदा गोठमा बाधेको २ वटा गोरु र १ गाईको मृत्यु भई कच्चि घरको पालि समेत भत्किईएको ।
- **पाल्पा**को रैनदेवीछहरा गाउँपालिका वडा नं ४ काफलबुटास्थित एक पोल्ट्रीफर्म भित्र **जंगली चितुवा** पसी फर्म भित्र रहेको लोकल कुखुरा ३० वटा, टर्की ४ वटा मारी **४५ हजार** रुपैंया बराबरको क्षति । रम्भा गाउँपालिका वडा नं ३ पिपलडाडा पाखोबारीस्थित एक कच्चि गोठमा **पहिरो** झर्न जाँदा गोठ पुर्ण रुपमा क्षति भई **३ लाख ५० हजार** रुपैंया बराबरको क्षति । बगनासकाली गाउँपालिका वडा नं ४ भालेबासस्थित एक गोठमा **पहिरो** झर्न जाँदा गोठ पूर्णरुपमा क्षति भई भैसि १, गोरु १ को पुरिएर मृत्यु भई **३ लाख ७५ हजार** रुपैंया बराबरको क्षति ।
- **बाँके**को कोहलपुर नगरपालिका वडा नं ५ स्कुलटोल स्थित एक घरमा अबिरल वर्षाको कारण चट्याङ लागि ३ वटा बाख्रा, १ वटा खसी, ४ वटा कुखुराको मृत्यु भई **८० हजार** रुपैंया बराबरको क्षति ।
- **गुल्मी**को चन्द्रकोट गाउँपालिका वडा नं ७ खसिमारेमा **पहिरो** झरि बुटवलबाट सामान लोड गरि शान्तिपुर तर्फ आउदै गरेको ट्रक फसी पुन राती पहिरो आई उक्त ट्रकलाई बगाएको । चन्द्रकोट गाउँपालिका वडा नं ८ पिपलपाटास्थित २ वटा घर **पहिरो** आई भत्किएको ।
- **नवलपरासी पश्चिम**को सरावल गाउँपालिका वडा नं २ दंगियास्थित एक कच्ची घरको गारो **अबिरल बर्षा**को कारण भत्किन गई अन्नपात, लत्ताकपडा र घर गरी **५ लाख** रुपैंया बराबरको क्षति ।
- **हुम्ला**को ताजाकोट गाउँपालिका वडा नं ५ मदानास्थित एक घर **अबिरल वर्षा**का कारण भत्किएको । अन्य बिवरण आउन बाँकी ।
- **रुकुम पश्चिम**को बाफिकोट गाउँपालिका वडा नं ६ बाफिस्थित एक गोठ अबिरल बर्षापछि आएको **पहिरो**का कारण गोठ पूर्णरुपमा क्षति भई १ वटा गोरु मर्नुका साथै **१ लाख ५० हजार** रुपैंया बराबर क्षति ।
- **ईलाम**को ईलाम नगरपालिका वडा नं २ सुम्बेकस्थित २ वटा घर बर्षाको कारण **पहिरोमा** पर्दा **३ लाख ५० हजार** रुपैंया बराबरको क्षति ।
- **संखुवासभा**को खाँदबारी नगरपालिका वडा नं ९ ढुङ्गे बिसौनिस्थित एक घरमा **पहिरो** खसि घर पछाडि पट्टिका दुई ओटा कोठा पुरिएको ।

## घट्ना सारांश...

- **धनुषा**को गणेशनाथ चारनाथ नगरपालिका वडा नं ५ ढुङ्गेवगरस्थित उम्राखोलामा आएको **बाढी** पानी गाँउमा पसी **३ घर**का अन्नपात नगद गरी **८५ हजार** रुपैंया बराबरको क्षति ।
- **तेह्रथुम**को मेन्छेयायेम गाउँपालिका वडा नं ६ स्थित पाङमाया खोला र मेन्सुवा खोलाको दोभानमा अमर निर्माण सेवाले लगाएको ३३ घन मिटर तारजालीको वाल पल्टाएको र सोही स्थानमा फुटाई राखेको १८० गाडी ढुङगा **बाढी**ले बगाई **६ लाख** रुपैंया बराबरको क्षति ।
- **पर्सा**को जगरनाथपुर गाउँपालिका वडा नं ५ बिर्ताटोलस्थित ४ वटा घरको अन्नपात, लत्ताकपडा भाडाबर्तन गरी **१२ लाख** रुपैंया बराबरको क्षति ।
- **अछाम**को मेल्लेख गाउँपालिका वडा नं ४ कुस्कोटस्थित एक श्रीगांर पसलको माथीबाट **पहिरो** आई पसल पुरीन गई **५ लाख** रुपैंया बराबरको क्षति ।

## बाटो अवरोध

- **सिन्धुली**को सुनकोसी गाउँपालिका वडा नं २ कमेरेफांटस्थित बिपी राजमार्गमा लेदो माटो आई दुवै तर्फको बाटो अबरुद्ध ।
- **पाल्पा**को बगनासकाली गाउँपालिका वडा नं ४ सेरास्थित **सिद्धार्थ राजमार्ग**मा बर्षाको कारण सडक माथिबाट **पहिरो** झरि **बाटो पुर्णरूपमा अवरुद्ध** ।
- **पर्वत**को जलजला गाउँपालिका वडा नं४ लामाखेत स्थित **बेनी- माल्दुङगा सडक खण्ड**मा अबिरल बर्षाको कारण माथिबाट **पहिरो** आई **बाटो अबरुद्ध** । मोदी गाउँपालिका वडा नं २ पातीचौरस्थित **पोखरा बागलुङ सडक खण्ड**मा माथिबाट **पहिरो** आई **बाटो पुर्ण रुपमा अबरुद्ध** ।
- **अर्घाखाँची**को सन्धिखर्क नगरपालिका वडा नं १ फुतबाङ ओल्लुवाखोलास्थित **सन्धिखर्क गोरुसिङ्गे सडक खण्ड**मा अबिरल बर्षाका कारण माथिबाट **पहिरो** आई **बाटो पुर्ण रुपमा अबरुद्ध** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरोमा परी घाइते भएका व्यक्तिको उद्धार गरी नजिकैको स्वास्थ्य केन्द्रमा उपचारका लागि पुर्याइएको, बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको र पहिरोबाट अबरुद्ध भएको बाटो खुलाउने प्रयास भइरहेको ।

## वर्षाको सारांश

साउन १३ गते बिहान ०८:४५ बजे देखि साउन १४ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/१४ गते बिहान ०८:४५ बजे १९७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालित: ८१ र स्वचालित: ११६) मा मापन गरिएको वर्षाको विवरण अनुसार १८१ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (२६६.५ मि. मी.) कैलाली जिल्लाको टिकापुर केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा २५० मि. मी. भन्दा बढि, १० वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ४० वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ८८ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र १३२ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-१४ (बुधबार) (विहान ७ बजे  देखि २४ घण्टा)

- आज नारायणी, कर्णाली र महाकालीमा बहाव उल्लेख्य बढ्ने र सतर्कता आसपास हुने । नारायणी, कर्णाली र महाकालीका केही साना सहायक नदीमा बहाव  खतरा आसपास पुग्न सक्ने। कोशी र सहायक नदीमा बहाव बढ्ने तर  सतर्कता तह भन्दा तलै हुने ।
- आज कन्काई, कमला, बागमतीमा पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब बढ्दो हुने र सतर्कता आसपास हुने ।  आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई , पश्चिम राप्ती, बबई , तिनाउ, बाणगंगाका केही साना सहायक नदीमा आकस्मिक बहाव भई खतरा तह आसपाससम्म पुग्न सक्ने पुर्वानुमान छ ।
- आज मेचि, विरिङ, निन्दा, बक्राहा, लोहन्द्रा, चिसाङखोला, बुढीखोला, सुनसरी खोला, बुढीखोला, त्रियुगा, माउली, गगान, खाडो, रातो, चुरियाखोला, लालबकैया, पूर्वी राप्ती, आरूण खोला, तिनाउ, बाणगंगा, मानखोला, कान्द्रा, मोहना, खुट्टिया, स्याउली, चौधर लगायत प्रदेश १, २, ५, गण्डकी र सुदूरपश्चिम प्रदेशको चुरे र तराईबाट बहने प्राय सबै नदीमा बहाव बढ्ने र सतर्कता आसपास हुने तथा केहीमा खतरा आसपास हुने ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, बारा, पर्सा लगायत प्रदेश २ का जिल्लाहरू, धनकुटा, उदयपुर, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहुँ, स्याङजा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, चितवन, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, रूकुम, प्यूठान, सल्यान, कपिलवस्तु, रूपन्देही, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कैलाली, कञ्चनपुर डोटी, अछाम, कालिकोट, डडेलधुरा, बैतडी, बझाङ, बाजुरा र आसपास भई बहने केही साना नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने उच्च संभावना रहेको छ ।

नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः[http://hydrology.gov.np/](http://hydrology.gov.np/)